# उच्च दर्शन तर कमजोर शिल्प

मनोज दाहाल

विष्णुविभु घिमिरेको कवितामा समसामयिक स्वरको प्रधानता छ । दुई दशक लामो कवितायात्राको पछिल्लो समयमा एकेडेमीले उनका झन्डै चार दर्जन रचनाको किताब 'कूडाकूडामा टेकेर' भर्खरै सार्वजनिक गरेको छ । ती रचनामा उनले आम मान्छेका आवाज भर्ने सम्भव प्रयास गरेका छन् । दुःख-सुख, आँसु-हाँसो, पीर-वेदना, जीवन-मृत्यु, अप्ठ्यारो समय- अधिकांश कविताको घेरा यिनै हुन् । तर, उनको आवाज प्रभावकारी हुन सकेको छैन । पहिलो कविताकिताब 'कठघरामा उभिएर' को स्तरलाई घिमिरेको दोस्रो कविताकिताबले न्याय गर्न सकेको छैन ।

औसत र त्योभन्दा तल्लो स्तरका कविताको भेल आइरहेछ यति बेला । राम्रा कविता कम आइरहेका छन् । यस्तै गम्भीर समयमा आएको छ घिमिरेको किताब । यस्तो बेलामा निश्चय नै कविको भूमिका गम्भीर हुन्छ । कविताको उज्यालो इतिहास कायम राख्नु स्रष्टाहरूको ठूलै चुनौती हो । त्यो चुनौती सामना गर्नसक्ने अवस्थामा कवि हुनैपर्छ । घिमिरे आफ्ना कवितामा अनुभूतिका अनेकौं आयाममा पोखिएका छन् । उनले जीवनको कविता लेखेका छन्, यसको क्षणभंगुरताको कविता लेखेका छन् । मायाको कविता लेखेका छन्, आशा र विश्वासका कविता लेखेका छन् । संस्कृतिका कविता लेखेका छन्, निराशा र पीडाका कविता लेखेका छन् । मान्छेमाथिको संकटको कविता लेखेका छन्, घातको कविता लेखेका छन् ।

मन च्यातिएर धुजाधुजा

विचार बाङ्गिएर हिंड्नै नसकिने

विश्वास टाल्दाटाल्दै टाल्न नसकिने

सर्पको मुखमा परिसकेको

असुरक्षित भ्यागुतो- आजको मान्छे ।

घिमिरेका कवितामा उच्च दर्शन छ । तर, त्यो दर्शनलाई कवितामा ढाल्नसक्ने शिल्पको अभाव छ । समयको अनुहार चिन्न खप्पिस छन् उनी । समाजको अप्ठ्यारो नजिकबाट महसुस गरेका छन् । जीवनमा सधैं दौडिएर हारेको आम मान्छेलाई नजिकबाट चिनेका छन् । समयले प्राकृतिकता गुमाएको छ- उनी भन्छन् । उनका धारणामा कोही पनि, केही पनि प्राकृतिक छैन यस बेला । मान्छे मान्छेजस्तो छैन । समय समयजस्तो छैन । लामो अँध्यारो भोगिरहेछ समय । तर, घिमिरे आफ्नो दर्शनलाई कवितामार्फत अभिव्यक्त गर्ने कलामा कमजोर देखिएका छन् । कवितामा लयात्मकता अभाव छ । यति हुँदाहुँदै आम मान्छेको भावना निकै नजिकबाट छामेका छन् उनले ।

चिनेको मान्छेसंग

विश्वास

अविश्वास

दुवै हुन्छ

सम्झेको

नसम्झेको

दुवै हुन्छ

बरु नचिनेकै मान्छे राम्रो ।

मुलुक अप्ठ्यारो समयबाट गुज्रिरहेको छ । रचनात्मकता कमजोर देखिएको छ । अन्य पक्ष प्रबल भइरहेछन् । मान्छेले आफ्नो विवेक गुमाएको छ । विकास रोकिएको छ । दैनिक गुजारा पनि गाऱ्हो भइरहेको छ । कला, संस्कृति, साहित्यको गति सुस्त देखिइरहेको छ । यस्तो बेलामा कविता लेख्न बसेका छन् घिमिरे । यस्तो बेलामा लेखिने कवितामा निश्चय नै समाजको चित्र हुन्छ । वेदनाको अभेद्य संसार हुन्छ । त्यो छ उनका कवितामा पनि । तर, ती सबै भाव उनका कवितामा पनि उस्तै औसत रूपमा आएका छन् जस्तो सबै कवितामा आउने गर्छन् । शैली, प्रस्तुति, लयात्मकता, शिल्पका हिसाबले भने कुनै तीर मार्न सकेका छैनन् उनले । समाजको चित्र पाठकसमक्ष राख्ने उनको इमानदार प्रयासलाई भने केही गरे पनि बेवास्ता गर्न सकिँदैन । ‘यो वसन्त ऋतु हो’ कवितामा उनले भनेका छन्-

पहाड उदास छ

हिमाल झोक्राइरहेछ

तराई शून्यशून्य छ

कतै उमङ्गको रङ छैन

कतै उत्साहको तरङ्ग छैन

कतै आनन्दको सङ्गीत बज्दैन

तिमी भन्छौ यो वसन्त ऋतु हो !

घिमिरेले बैंसको कविता पनि लेखेका छन् स्वच्छन्द भएर । बैंसको विशिष्टताको कविता लेखेका छन् । जीवनको सार्वभौम सत्यका रूपमा आनन्दलाई महसुस गरेका छन् । नझरुन्जेल फुलिरहने फूलको कविता लेखेका छन् । जीवनभर बास्ना छरिरहने यौवनलाई शब्द दिएका छन् । बाँचुन्जेल हाँसिरहने, हाँसुन्जेल बाँचिरहने जीवनलाई भावनाले बाँधेका छन् । उनको दर्शन आनन्दको पक्षमा छ । हाँसोको पक्षमा छ । उनी रिस, राग, द्वेष, चिन्तारहित समाजको आशामा छन् । उनलाई विश्वास छ, एक दिन समाजमा खुसी-खुसी हुनेछ । निराशा पन्छाएर आशाको संसार खडा गरेका छन् । उनको कविता पढ्दा समाजको वर्तमान अवस्थालाई हेरेजस्तो पनि लाग्छ । ‘कहिले पुग्ने हौं ?’ शीर्षक कवितामा उनी भन्छन्-

कसले छेकिरहेछ त्यो उज्यालोलाई

कसले खेदिरहेछ त्यो विश्वासलाई

लाग्छ मानिसभित्र पनि पर्खालहरू छन्

लाग्छ मानिसको मनभित्र पनि

थुप्रैथुप्रै जेल छन्

घेरिरहेछ तिनै पर्खालहरूले घामलाई

थुनिरहेछ तिनै जेलहरूले
विश्वास र सुरक्षालाई ।